त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
संकाय अन्तर्गत स्नातकोत्तर तह राजनीतिशास्त्र विषय
दोस्रो वर्ष दसौं-पत्रको प्रयोजनार्थ
प्रस्तुत

# स्थानीय सरकारमा सुशासन अभ्यास
(पोखरा उप-महानगरपालिकाको एक अध्ययन)

# Good Governance Practice in Local Government
**(A Case Study of Pokhara Sub-Metropolitan City)**

शोधपत्र
**(Thesis)**

प्रस्तुत कर्ता
ओमराज पौडेल
त्रि.वि.वि दर्ता नं.- १७७१३/८७
रोल नं.- ४

राजनीतिशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस
पोखरा
आषाढ, २०६५

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय पृथ्वीनारायण बहुमूखी क्याम्पस अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री ओमराज पौडेलले **'स्थानीय सरकारमा सुशासन अभ्यास** (**पोखरा उपहानगरपालिकाको एक अध्ययन**)' शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार गर्नुभएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

**मिति :- २०६५/३ /२३**

.............................

**तारानाथ बराल**

**सह–प्राध्यपक**

**राजनीतिशास्त्र विभाग**

**पृथ्वीनारायण क्याम्पस पोखरा**

# स्वीकृतीपत्र

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र**
**संकायअन्तर्गत स्नातकोत्तर तह राजनीतिशास्त्र विषय,**
**दोस्रो वर्ष दसौं-पत्रको प्रयोजनार्थ**
**प्रस्तुत**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय पृथ्वीनारायण बहुमूखी क्याम्पस अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री ओमराज पौडेलले तयार पार्नुभएको **"स्थानीय सरकारमा सुशासन अभ्यास** (**पोखरा उपमहानगरपालिकाको एक अध्ययन**)" विषयक शोधपत्र स्वीकृत प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति :**

**क) शोध विशेषज्ञ : सह-प्राध्यापक श्री पद्म शरण रेग्मी** .....................

**ख) शोध निर्देशक : सह-प्राध्यापक श्री तारानाथ बराल** .....................

**ग) विभागीय प्रमुख : सह-प्राध्यापक श्री धुव्र के.सी.** .....................

**घ) सोध संयोजक : उप-प्राध्यापक श्री प्रेम प्रसाद पौडेल** .....................

मिति : २०६५/३ /२५

# प्राक्कथन

स्थानीय स्तरका समस्याहरुसँग प्रत्यक्ष सरोकार राख्ने हुँदा स्थानीय निकायलाई स्थानीय सरकार भनिएको हो । स्थानीय सरकारको अवधारणमा अहिलेका नगरपालिकाहरु अलि वढि स्वायत्त देखिन्छन् । अहिले देशभर ५८ वटा नगरपालिकाहरु छन् र यी सवैलाई प्रत्यक्ष रुपमा परिचालन गर्ने मुख्य कानूनी आधार नै स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन ( आर्थिक प्रशासन) नियमावली, २०५६ रहेका छन् । यी कानूनी दस्तावेजहरुले स्वायत्ततालाई आधार लिएका छन्, विकेन्द्रिकरणलाई केहि हदसम्म आत्मसात गरेका छन, सुशासनको अवधारणालाई केहि पृष्टपोषण गरेका छन् । सवैलाई सचेत गराउँदै पारदर्शी प्रक्रियाद्धारा सवै प्रकारका निर्णय प्रक्रिया र त्यसको कार्यक्रम तहसम्म सवै तह र तप्काका नागरिकलाई सहभागी गराई सर्वसम्मत प्रक्रियाद्धारा काम गर्ने परिपाटि नै वास्तविक अर्थमा सुशासन भएकोले तल्लो तह र तप्काका नागरिकसम्म प्रत्यक्ष पहुँच पुर्‍याउन सक्ने स्थानीय निकायहरुमा सुशासनको अभ्यास पनि निरन्तर भइ नै रहेको हुन्छ । त्यसको कुन तहसम्म अभ्यास भइरहेको हुन्छ, त्यो मापन गर्न जरुरि देखिएको हुन्छ । फेरि अहिले मुलुक आमुल संरचनात्मक परिवर्तनको मोडमा उभिएको छ । सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक लगायत सवै खालका परिवर्तनहरु अहिले मुलुकले एक साथ खोजिरहेको छ । यस अवस्थामा प्रत्येक तह र तप्काका नागरिक सचेत हुँदैछन् । कुशासनको आभास हुने वित्तिकै खवरदारी गर्न पनि पछि पर्दैनन् । स्थानीय निकाय नागरिकका अझै वढि तारो वनेका हुन्छन्, किन भने त्यहाँ उनीहरुले प्रत्यक्ष रुपमा कर तिर्ने गर्छन । आफूले तिरेको कर कतै दुरुपयोग भयो अथवा आफूले कर तिरेको निकायले आफैलाई प्रभावकारी सेवा सुविधा प्रवाह गरिरहेको छैन, अथवा नियमित गर्नुपर्ने कामकारवाहीमा आलटाल गरिरहेको छ र त्यसको प्रत्यक्ष चोट आफैले सहन परिरहेको छ भनेर हरदम नागरिकहरुका आँखा पुगिरहेका पनि हुन्छन्, जसले गर्दा सुशासनको प्रत्याभुतिका लागि त्यस्ता निकायहरुमा दवाव सृर्जना गरी ती निकायमा खवरदारी गर्दै सार्वजनिक पदमा रहनेहरुलाई सुशासनको वाटो हिड्न लगाउने एउटा दवाव समूहको काम पनि अहिले नागरिक समाजले गरिरहेको छ ।

यति हुँदा हुँदै पनि सुशासन दिनुपर्ने निकायहरुमा ढिलासुस्ति, अनियमितता, भनसुन, चलखेल जस्ता अप्राकृतिक क्रियाकलाप हुने गरेकै छन् भनेर वेलावखत मिडियाहरुमा आइरहने गर्छन । स्थानीय निकाय र विशेष गरि नगरपालिकाहरु त्यसमा मुछिएका हुन्छन् भन्ने तथ्यहरु वाहिर आइरहेका हुन्छन् । त्यसैले पनि नगरपालिकाहरुमा सुशासनको अभ्यास कसरी भइरहेको छ भनेर हेर्नु अहिले स्थानीय सरकारका क्रियाकलापहरुमा सामान्य चासो राख्नेहरुका लागि मात्र पनि अति जरुरि विषय वनेको छ सर्वसाधारणलाई त यो निकै चासोकै विषय रहन्छ । अर्कोतर्फ जव हाम्रा स्थानीय निकायहरु वि.स. २०५९ सालदेखि जनप्रतिनिधि विहिन वन्न पुगे, त्यसवेलादेखि नै यिनीहरुलाई राम्रो ढङ्गले चलाउने भन्दा पनि गोटी वनाएर खेलाउने प्रवृत्तिहरु त्यसदेखि यता श्रृङ्खलावद्ध रुपमा देखा पर्दै आए । त्यसवाट पनि स्थानीय निकायहरुमा अहिले राजनीतिको ठूलो घाउ लागेको छ । स्थानीय निकायहरुमा तुलनात्मक रुपमा नगरपालिकाहरु राजनैतिक तरलतावाट अझै वढि प्रभावित छन् । कतिपय नगरपालिकाहरु आर्थिक रुपमा टाट पल्टिसकेका छन् । विशेष गरी ठूला भनेर चिनिएका नगरपालिकाहरुको स्थिति अझै दयनिय छ । पोखरा उप-महानगरपालिका पनि एउटा त्यस्तै नगरपालिकाको कोटिमा पुगिसकेको छ, जहाँ

वार्षिक वजेट झण्डै रु.१८ करोड छ तर त्यहाँका कर्मचारीहरुले मासिक तलव पनि समयमा पाउन नसक्ने अवस्था छ । अहिले नगर प्रमुखको समेत जिम्मेवारी सम्हालेका कार्यकारी अधिकृतले 'कागजमा वजेट देखिएर मात्र के गर्नुहुन्छ, खातामा रकम सुन्य छ' भन्ने अभिव्यक्तिहरु पटक पटक निकालिरहेको सुनियो । के कारणवाट त्यसो भयो भनेर वुझ्दा नगरपालिकावाट कर संकलन प्रभावकारी रुपवाट हुन नसकेको, खर्च गर्ने तर्फ संयन्त्रका राजनैतिक पदाधिकरीहरु, न.पा. का कर्मचारीहरु सवैको ध्यान जाने तर कमाउनेतर्फ कसैको ध्यान नजाने हुँदा नगरपरिषदले नीति वनाए अनुरुपको राजश्व संकलन हुन सकिरहेको छैन, जसवाट नगरपालिकाले गरेको राजश्व अनुमान भन्दा यथार्थ उठ्ने रकम धेरै कम हुन आउँछ, तर खर्च पहिलेकै निर्णय अनुसार गर्न खोज्दा वर्षेनी न.पा. ले घाटा वजेट व्यहोरिरहेको जानकारीमा आयो । यस अवस्थामा यसै उप-महानगरपालिकाभित्र नीतिगत निर्णय गर्ने शैली, कर्मचारीको काम गर्ने तौरतरिका, सेवा प्रवाहको प्रभावकारिता तथा गुणस्तरियता, जनस्तरमा न.पा. प्रतिको दृष्टिकोण, न.पा. द्धारा प्रदत्त सेवावाट उनीहरुमा पुगेको सन्तुष्टिको मात्रा आदि जस्ता कुराहरुको खोतलखातल गर्दै पोखरा उप-महानगरपालिकामा सुशासनको प्रयोगको अवस्था सम्वन्धमा एउटा छुट्टै अध्ययन गर्नु जरुरि देखिएको थियो ।

स्थानीय सरकारमा सुशासन अभ्यास (पोखरा उप-महानगरपालिकाको एक अध्ययन) शिर्षक रहेको प्रस्तुत सोधपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय पृथ्वीनारायण क्याम्पस अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दोश्रो वर्ष दशौं पत्रको प्रयोजनार्थ तयार पारिएको हो । सोध-पत्र तयार पार्नका लागि पोखरा उप-महानगरपालिका कार्यालयलाई नै मुल आधार वनाइएको छ । यहाँका अधिकृत कर्मचारीहरुलाई विशेष लक्षित गरिएको छ भने  सहायक स्तरसम्मका कर्मचारीहरुलाइृ पनि मुख्य श्रोत वनाइ अध्ययन गरिएको छ । त्यसका अलावा विभिन्न पत्रपत्रिका, ब्रुशर, वडापत्र, प्रतिवेदनहरु, नगरपालिकाका सूचनाहरु, विभिन्न शाखा, उपशाखाका अभिलेखहरु, ऐन नियमहरु लगायत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाग्रिहरु समेतलाई सहायक श्रोतको रुपमा प्रयोग गरिएको छ । पोखरा उप-महानगरपालिकामा सुशासन अभ्यास कस्तो छ,? नागरिकहरुमा सुशासनको प्रत्याभुति गराउन के गर्न सकिन्छ ? नगरपालिकाका क्रियाकलापहरुलाई अझै वढि पारदर्शी, प्रभावकारी र सेवामुलक कसरी वनाउन सकिन्छ ? भन्ने तर्फ नै यो अध्ययन केन्द्रित छ । आगामी दिनमा न.पा. लाई सुशासनको प्रत्याभुतिका लागि नागरिकहरुलाई पूर्ण सन्तुष्टि प्रदान गर्ने दिशामा पनि यो अध्ययन पेचिलो देखिनेछ भन्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत सोधपत्र विभिन्न अध्यायमा विभाजन गरि तयार गरिएको छ । पहिलो अध्यायमा सोध अध्ययन परिचय, दोश्रो अध्यायमा 'पोखरा उप-महानगरपालिकाको ऐतिहासिक पृष्टभुमि,' तेश्रो अध्यायमा 'पो.उ.म.न.पा.को संगठनात्मक पृष्टभुमी,' चौथो अध्यायमा 'स्थानीय तथा नगर विकास र महिला सहभागिता,' पाचौ अध्यायमा 'नगरपालिका र सामाजिक संघसंस्था,' छैटौं अध्यायमा 'पो.उ.म.न.पा.मा दैनिक सेवा प्रवाह', सातौं अध्यायमा 'सुशासन र स्वशासन' र आठौं अध्यायमा 'उपसंहार' गरी ८ वटा अध्यायहरुमा विभाजन गरिएको छ । यसरी नगरपालिकाका समग्र विषयवस्तुहरुलाई समायोजन गरि पूर्णता प्राप्त गर्न पुगेको यो अध्ययन मेरो एक्लो प्रयासवाट मात्र कुनै सम्भव थिएन । प्रस्तुत प्रतिवेदन तयार पार्नका लागि मलाई पो.उ.म.न.पा. वोर्ड (संयन्त्र) का सदस्यहरु क्रमशः पूर्व नगर प्रमुख कृष्ण थापा, विरेन्द्र नारायण

विजुक्छे, कृष्ण प्रसाद पराजुली, लेखवहादुर के.सी., ज्ञानवहादुर कोइराला, वि.वि. थापा तथा इमानसिङ गुरुङ्ग समेतले नगरपालिकाका सूचनाहरु वताएर, निर्णय प्रक्रियाका वारेमा जानकारी गराएर, आफ्ना अवधारणा समेत वताएर ठूलो सहयोग पुर्‍याउनुभएको छ । यसका लागि उहाहरु सवै प्रति कृतज्ञ छु । त्यस्तै पो.उ.म.न.पा. मा हाल प्रमुखको समेत जिम्मेवारी लिनु भएका कार्यकारी अधिकृत उत्तम प्रसाद नागिला, सम्पूण विभाग, शाखा, उपशाखा तथा इकाइ प्रमुखहरु, अधिकृत  कर्मचारीहरु तथा  सहायक स्तरका कर्मचारीहरुले समेत उत्तरदाताका रुपमा वा उत्तरदाता नहुनेले पनि सहयोगीको रुपमा सम्पूर्ण जानकारी, सूचना एवं शाखा उपशाखाका अभिलेखहरु उपलव्ध गराएर मेरो यो सोध कार्यलाई खुराकिलो वनाइदिनुभएको छ, त्यसका लागि म उहाँहरु प्रति आभारी छु र धेरै धन्यवाद दिन चाहान्छु । यस क्रममा मेरो असिम आभार मेरा सोध निर्देशक आदरणिय गुरु सह-प्राध्यापक  श्री तारानाथ वराल ज्यू प्रति रहेको छ । उहाँको कुशल निर्देशन र छोटो समयमा यो सोध कार्य तयार गर्न मिलेको निरन्तरको प्रोत्साहन प्रति म आदरणिय गुरु प्रति अत्यन्तै ऋणी छु । छोटो समयमा यो सोध कार्य तयार पार्ने सिलसिलामा मैले उहाँवाट पाएको सहयोग कहिल्यै पनि विर्सन सक्दिनँ । त्यस्तै अन्य आदरणिय गुरु पद्मशरण रेग्मी, प्रेम प्रसाद पौडेलवाट पनि मैले उत्प्रेरणा पाएको छु, उहाँहरुलाई पनि धन्यवाद नदिँदा म आफ्नो परम कर्तव्यवाट नै च्यत हुन्छु झैं लागेको छ । यसै सिलसिलामा प्रस्तुत सोध-पत्रलाई विहान वेलुका र शनिवारका दिनमा समेत खटेर स्पष्ट र सुद्ध टाइप तथा कम्प्युटर फर्म्याटिङ्ग एवं डिजाइन गरी सहयोग गर्ने मेरा सहयोगी कर्मचारी साथीहरु सरस्वती पोखरेल, कमला पराजुली, रोशनी थापा र सरला ओझा समेतलाई धन्यवाद ज्ञापन गर्नु मेरो परम कर्तव्य ठानेको छु । त्यस्तै सोधकार्य पुरा गर्न पटक पटक झझल्क्याएर उत्प्रेरणा जगाइरहने मेरी जीवन सङ्गिनी उर्मीला पौडेललाई पनि म यस अवसरमा स्मरण गर्न चाहन्छु । त्यसका अलावा यो सोध-कार्य तयार पार्न जस जसले जुन जुन ठाउवाट सहयोग पुर्‍याउनु भयो, जस जसलाई मैले यस अवसरमा स्मरण गर्न छुटाएँ, सवै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा प्रस्तुत सोधपत्र आवश्यक मुल्याङ्कनका लागि पृथ्वीनारायण क्याम्पस अन्तर्गत राजनीति शास्त्र विभाग समक्ष प्रस्तुत गर्दछु ।

**-सोधकर्ता-**

ओमराज पौडेल
रोल नं. ४, त्रि.वि.वि.दर्ता नं.१७७१३८७
राजनीतिशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

**मिति :** २०६५/३ /२०

# विषय सूचि


मुख पृष्ठ
सिफारिसपत्र
स्वकृतिपत्र
**प्राक्कथन**
**विषय सूचि**

| शिर्षक | | पेज नं. |
|---|---|---|
| **अध्याय १ (एक): परिचय** | | **१-१८** |
| १. | सोध अध्ययन परिचय | १ |
| १.१ | अध्ययनको पृष्ठभूमी | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनका उद्देश्यहरु | ५ |
| १.४ | अध्ययनको महत्व | ५ |
| १.५ | अध्ययनमा प्रयोग हुने शब्द र शब्दावलीहरुको परिभाषा | ६ |
| १.६ | अध्ययनको सिमा | ८ |
| १.७ | अवधारणागत ढाँचा | १० |
| १.८ | सन्दर्भ साहित्य समिक्षा | ११ |
| १.९ | अनुसन्धान विधि | १३–१७ |
| १.९.१ | अनुसन्धान ढाँचा | |
| १.९.२ | अध्ययन क्षेत्र | |
| १.९.३ | नमूना छनौट | |
| १.९.४ | तथ्याङ्कको श्रोत | |
| १.९.५ | तथ्याङ्क संकलन विधि | |
| १.९.६ | तथ्याङ्कको प्रकृति | |
| १.९.७ | तथ्याङ्क विश्लेषण एवं प्रस्तुतिकरण | |
| १.१० | सोध-पत्रको संगठन | १८ |

**अध्याय २ (दुई) : पोखरा उप-महानगरपालिकाको ऐतिहासिक पृष्ठभूमि** **१९-२८**

२.१ इतिहासका कालखण्डहरुमा पोखरा १९
२.२ पोखरा उप-महानगरपालिका : हिजो देखि आजसम्म २२
२.३ पो.उ.म.न.पा.को तुलनात्मक आर्थिक विश्लेषण (आ.व.२०३९/०४०-२०५४/०५५) २४
२.३.१ आम्दानी तर्फ २४
२.३.२ खर्च तर्फ २५
२.३.३ अन्य विकास परिसुचकहरु २६
२.४ पो.उ.म.न.पा.का निर्वाचित प्रमुख तथा उप-प्रमुखहरु २६

**अध्याय ३ (तिन) : पो.उ.म.न.पा.को संगठनात्मक पृष्ठभूमि** **२९-४०**

३.१ पो.उ.म.न.पा.को संक्षिप्त परिचय २९
३.२ पो.उ.म.न.पा.को उद्देश्य ३१
३.३ पो.उ.म.न.पा.को संगठनात्मक स्वरुप ३२
३.४ पो.उ.म.न.पा.को काम, कर्तब्य र अधिकार ३३
३.५ पो.उ.म.न.पा.को आर्थिक अवस्था ३७
३.६ पो.उ.म.न.पा.को कर्मचारी ब्यवस्था ३९

**अध्याय ४ (चार) : स्थानीय तथा नगर विकासमा महिला सहभागिता** **४१-५४**

४.१ महिला सहभागिता परिचय ४१
४.२ विकासमा महिला सहभागिता ४३
४.३ नगर विकासमा महिला सहभागिता ४५
४.३.१ महिला समुह आमा समुहहरुको गठन र क्रियाशिलता ४६
४.३.२ महिला सशक्तिकरण ४६
४.३.३ महिला समावेशी सहभागिता ४८
४.३.४ स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा मौजुदा कानूनको कार्यन्वयन अवस्था ५०
४.४ महिला सहभागिताका लागि सुझावहरु ५२
४.५ महिला सहभागिताको निचोड ५४

**अध्याय ५ (पाँच) : नगरपालिका र सामाजिक संघसंस्था** **५५-६४**

५.१ पोखरामा संघसंस्थाको अवस्था ५५

५.१.१ जि.प्र.का.कास्कीमा ०५९ अगाडि दर्ता भएका संस्था ५६
५.२ २०४६ साल अघिको अवस्था ५६
५.२.१ जिल्ला प्रशासन का.मा दर्ता भएका पहिलो संघसंस्था ५८
५.३ पुन प्रजातन्त्र पछि पोखरेली संघसंस्था ५९
५.३.१ पो.उ.म.न.पा.भित्र वडा तर्फवाट दर्ता पहिलो संघसंस्था ६०
५.४ पोखराको उत्थानमा सामाजिक संघसंस्था ६१
५.४.१ कुन सालमा कति संघसंस्था दर्ता भए ६१
५.४.२ पो.उ.म.न.पा.को कुन वडामा कति संघसंस्था ६२
५.४.३ पोखरामा एक दिनमा दर्ता भएका संघसंस्था ६३
५.५ संघसंस्थालाई आवश्यक सुझाव ६३

**अध्याय ६ (छ) : पो.उ.म.न.पा.मा दैनिक सेवा प्रवाह ६५-७८**

६.१ नाता प्रमाणित ६५
६.२ नागरिकता प्रमाणपत्रको सिफारिस ६६
६.३ नामथर संसोधन सिफारिस ६६
६.४ मृत्यु प्रमाणित लगायत सिफारिस ६७
६.५ घर नक्सा पास ६८
६.६ योजनाको पेश्की फछ्र्यौट ७०
६.७ घर जग्गा फुकुवा ७०
६.८ घर जग्गा नामसारीको सिफारिस ७१
६.९ घर जग्गा मुल्याङ्कन ७१
६.१० छुट जग्गा दर्ता सिफारिस ७२
६.११ व्यवसायको ईजाजत पत्र ७२
६.१२ उद्योग स्थापना सिफारिस ७२
६.१३ बारुण यन्त्र ७३
६.१४ गाउँ नगर साझेदारी विकास कार्यक्रम ७३
६.१५ सामाजिक विकास/यू. वि.एस. कार्यक्रम ७५
६.१६ सुचना तथा अभिलेख केन्द्र ७८
६.१७ फोहरमैला व्यवस्थापन एवं ल्याण्डफिल साइट संचालन ७८

**अध्याय ७ (सात) सुशासन र स्वशासन ७९-८८**

७.१ सुशासनको परिचय ७९
७.२ सुशासनका विशेषताहरु ८१
७.३ स्वशासनमा सुशासनको प्रयोग ८३
७.३.१ प्रशासनिक सुशासन ८४
७.३.२ जनप्रतिनिधि र कर्मचारी विच समन्वय ८४
७.३.२.१ जनप्रतिनिधिको आवश्यकता ८५
७.३.२.२ जनप्रतिनिधि र कर्मचारी विच समन्वय ८५

७.३.३ नगरपालिकाको स्वायत्तता ८६
७.३.४ जनसहभागिता ८६
७.३.५ अन्य विश्लेषण ८७

**अध्याय ८ (आठ) : उपसंहार** **८९-९५**

८.१ पो.उ.म.न.पा.का समस्या तथा कठिनाइहरु ८९
८.२ पो.उ.म.न.पा.का सवल पक्षहरु ९०
८.३ पो.उ.म.न.पा.का कमजोरीहरु ९१
८.४ पो.उ.म.न.पा.का अवसर तथा सम्भावनाहरु ९१
८.५ पो.उ.म.न.पा.का चुनौतिहरु ९२
८.६ सुझावहरु ९२
८.७ निष्कर्ष ९४

**सन्दर्भ सामागिहरु** **९६-९९**

**अनुसूचि १ (एक)** **१००-१०३**

अध्ययनका मुख्य श्रोतहरु/उत्तरदाताहरु
क) अधिकृत कर्मचारीहरु
ख) सहायक स्तरका कर्मचारीहरु
ग) उपभोक्ता, वुद्धिजिवी तथा जानिफकारहरु

**अनुसूचि २ (दुई)** **१०४-११०**

क) सर्वेक्षण प्रश्नावली
ख) अन्तरवार्ताका लागि चेकलिष्ट

**अनुसूचि ३ (तिन)** **१११-११४**

केहि शाखा तथा कर्मचारीहरुको कार्य विवरण

**अनुसूचि ४ (चार)** **११५-११८**

पो.उ.म.न.पा.का विभिन्न गतिविधिहरुसँग सम्वन्धित केहि तस्वीरहरु/फोटो फिचरहरु